मिती ०७४।१।२९ गोरखापत्रमा प्रकाशित सूचना

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभागबाट जारी भएको

## "भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने" सम्बन्धी

## अत्यन्त जरुरी सूचना

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ (दोश्रो संशोधन सहित) को दफा २१ को उपदफा ८ बमोजिम साविकमा भोगाधिकार प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले भोगाधिकार प्राप्त जग्गा लिजमा परिणत गर्न आउने सम्बन्धमा ६ महिनाको अवधि तोकी मिति २०७३।२।३१ मा यस विभागबाट प्रकाशित भएको सूचनाको म्याद समाप्त भई सकेको छ । उक्त सूचना बमोजिम भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकाय मध्ये भोगाधिकारमा लिएको जग्गा लिजमा परिणत गर्न सम्बन्धित मालपोत कार्यालयमा निवेदन कतिपयले नदिएको भनी मातहतका कार्यालयहरुबाट लेखी आएकोले उक्त कार्यनीतिको दफा २१ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम लिजमा परिणत गर्न लिजमा लिनुपर्ने प्रयोजन र लिज अवधि खुलाई भोगाधिकारको सक्कलै प्रमाणपत्र, प्रत्येक वर्ष नविकरण गरी दस्तुर बुझाएको रसिद तथा सम्बन्धित गा.वि.स./न.पा. बाट भोगाधिकारको जग्गा उद्देश्य अनुरुप प्रयोग गरेको सिफारीस समेत राखी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु होला । तोकिएको म्याद भित्र लिजमा परिणत गर्न निवेदन नदिएमा सो म्याद समाप्त भए पछि त्यस्तो भोगाधिकार स्वतः समाप्त भएको मानिने छ र भोगाधिकार दिएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्ने प्रावधान उक्त कार्यनीतिको दफा २१ को उपदफा ८ मा भएकोले लिजमा परिणत गर्न निवेदन नदिने व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको भोगाधिकार समाप्त गरी त्यस्ता जग्गाहरु नेपाल सरकारका नाममा यथावत् कायम राख्न मातहतका सबै मालपोत कार्यालयहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ (दोस्रो संसोधन सहितको) हेर्नु हुन वा सम्बन्धित मालपोत कार्यालयमा सम्पर्क गर्नु हुन वा www.dolrm.gov.np वा www.molrm.gov.np मा हेर्नु हुन समेत सम्बन्धित सबैको जानकारीका लागि यसै सूचना मार्फत पुनः अनुरोध गरिएको छ ।

**भूमिसुधार तथा व्यवस्थापन विभाग**

**बबरमहल, काठमाण्डौ ।**